# चालु आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको बैसाख महिनाको मासिक प्रगती प्रतिवेदन

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

अपिहिमाल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खण्डेश्वरी, दार्चुला २०८३,

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## बैसाख महिनाको मासिक प्रगति प्रतिवेदन २०८२

### परिच्छेद-१

### प्रारम्भिक

१.पृष्ठभुमीः

नेपालको संविधानले स्थानीय तह अन्तरगत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहने व्यवस्था गरेको छ । गाउँपालिका, नगरपालिकामा रहने वडाको संख्या संघीय कानून बमोजिम हुने व्यवस्था अनुरुप स्थानीय तह पुन संरचना आयोगको सिफारिसमा गाउँपालिका र नगरपालिकाको वडाको संख्या र केन्द्र नेपाल सरकारले तय गरी सकेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले हिमाली, पहाडी तथा भित्री मधेश, तराई र काठमाडौं उपत्यकाका जिल्लामा गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिका गठन गर्ने अलग अलग मापदण्ड तोकेको छ । नेपाल सरकारको उक्त मापदण्ड र प्रक्रिया पुऱ्याई गाउँपालिका / नगरपालिकाहरुको वर्गिकरण गर्न सक्ने व्यवस्था सँगै नेपालको संविधान भाग-५ को धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था बमोजिम स्थापना भएको दार्चुला जिल्ला अपिहिमाल गाउँपालिका खण्डेश्वरी, दार्चुलाले २०८३ बैसाख महिनामा गरेको कार्य सम्पादनको मासिक प्रगति प्रतिवेदन तयार पारिएको छ ।

१.२. उद्देश्यः-

१. गाउँ कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयहरुबाट मासिक रुपमा सम्पादन गरिएका कार्यहरुको विवरण तयार गर्ने ।

२. कार्यसम्पादन सम्झौता बमोजिम मासिक रुपमा भएको कार्य सम्पादनको लेखाजोखा गर्ने ।

३. मासिक रुपमा गाउँ कार्यपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरुबाट कार्यान्वयन भइका सम्पादित कार्यको प्रगति प्रतिवेदन प्रकाशन गर्ने ।

४. बार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना अनुसार कार्य भए नभएको एकिन गर्ने ।

१.३ महत्वः-

- नियमित रुपमा कार्यालयको कार्य प्रगतिको मापन हुने ।
- बार्षिक वजेट तथा कार्यक्रम समय सीमा भित्र कार्यान्वयन हुने ।
- कार्य सम्पादनको क्रममा आउन सक्ने समस्या, कठिनाई र चुनौतीहरुको समयमै पहिचान भई समाधान हुने ।
- कार्य सम्पादनमा सहयोग पुग्ने ।
- प्रचलित ऐन,नियम, कार्यविधिको पालना हुने ।
- कार्य जिम्मेवारी प्रति जवाफदेहीता बढ्ने ।
- सेवा प्रवाह पारदर्शी, सरल र सहज हुदै जाने ।
- विभिन्न कार्यालयबाट माग भई आउने विवरणहरु समय सीमा भित्र माग गर्ने कार्यालयहरुलाई उपलब्ध गराउन सजिलो हुने ।
- कर्मचारीहरुको कार्यक्षमताको पहिचान हुने ।
- कार्यालयको तथ्यांक अध्यावधिकमा सहजता आउने ।
- आम सरोकारवालाहरुमा सेवा प्रवाहको सम्बन्धमा मासिक रुपमा जानकारी हुने ।

८३/०२/१२

लोकेन्द्र बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद-२

शाखा तथा वडागत कार्य सम्पादन प्रगती विवरणः

२. बैसाख महिनामा शाखा, इकाई तथा वडा कार्यालयबाट भएको कार्य सम्पादनको प्रगति विवरणः

२.१. प्रशासन शाखाबाट बैंसाख महिनामा भएको कार्य सम्पादन विवरणः

- विभिन्न कार्यालय / मन्त्रालयबाट प्राप्त पत्र निवेदन २४७ वटा दर्ता गरी सम्वन्धित शाखा, उपशाखालाई जानकारी गराई आवश्यक कारवाही गर्ने गराउने भएको,
- विभिन्न कार्यालय / मन्त्रालयहरुमा पठाईएका पत्र संख्या २२० चलानी गर्ने कार्य भएको,
- विभिन्न किसिमका १२ वटा सिफारिसहरु दिने कार्य भएको,
- जिल्ला आर्थिक गणना कार्यालय दार्चुला, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय काठमाण्डौ, सरकारी रजिष्टार तथा प्रशिक्षण कार्यालय धनगढी, जिल्ला प्रशासन कार्यालय दार्चुला, भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र दार्चुलालाई बमोजिमको विवरण पठाउने कार्य गरिएको,
- विभिन्न किसिमका २० वटा सूचनाहरु प्रकाशित गर्ने कार्य गरिएको,
- गाउँकार्यपालिका बैठक संख्या १ वटा बसी १८ वटा निर्णय भएकोमा सोको कार्यान्वयनका लागि सम्बन्धित निकायलाई पत्राचार तथा समन्वय गरिएको,
- मासिक प्रतिवेदन एकिकृत गर्ने कार्य गरी प्रकाशन गरिएको,
- कार्यपालिका बैठकका निर्णयहरु मासिक रुपमा सार्वजनिक गर्ने कार्य गरेको,
- कार्यपालिका बैठकका निर्णय कार्यान्वयनको प्रतिवेदन तयार पारी कार्यपालिका बैंठकमा पेश गर्ने गरेको,
- अन्य प्रशासनीक कार्यहरु नियमित भैरहेको,

२.२. शिक्षा यूवा तथा खेलकूद शाखाबाट बैसाख महिनामा भएको कार्य सम्पादन विवरणः

- यस गाउँपालिका अन्तरगत रहेका विद्यालयहरुमा शै.स. २०८३ को विद्यार्थि अभियान कार्यक्रमका सहजिकरण गर्ने कार्य गरिएको,
- यस गाउँपालिका अन्तरगत रहेका सबै विद्यालयहरुमा निः शुल्क पाठ्यपुस्तक वितरण गर्ने कार्य गरिएको,
- अपिहिमाल गाउँपालिकाको सबै विद्यालयहरुको प्र.अ. हरुलाई SIP निर्माण सम्बन्धि कार्यशाला गोष्टि र IT स्रोत शिक्षकलाई सूचना प्रविधि सम्बन्धि ३ दिने तालिम सम्पन्न गरिएको,
- शैक्षिक पहुँच सुनिश्चितता अनिर्वाय तथा निः शुल्क शिक्षा सम्बन्धि शिक्षा विकास तथा समन्वय इकाइको अभिमुखीकरण कार्यक्रममा सहभागिता भएको,
- आधरभूत तह उर्त्तिण परीक्षा (ग्रेड बृद्धी) परिक्षा संचानलमा,
- नियमित विद्यालयमा अनुगमन तथा सुपरीवेक्षण गर्ने कार्य गरिएको,

२.३. स्वास्थ्य शाखाबाट बैसाख महिनामा भएको कार्य सम्पादन विवरणः

- महिला स्वास्थ्य स्व. सेविकाहरुबाट राष्ट्रिय भिटामिन ए ३८९ जना बालबालिका र जुकाको औषधि ३१७ जना बालबालिकाहरुलाई खुवाउने कार्य गरिएको,
- किशोरकिशोरी स्वास्थ्य संस्था प्रमाणिकरणका लागि खण्डेश्वरी स्वास्थ्य चौकीलाई प्रासाङ्क ८४ प्रतिशतले स्वा मूल्याकँन गरिएको,
- स्वास्थ्य संस्थाहरु सँग पुर्ण खोप वडा घोषणाका लागि वडा खोप समन्वय समिति बैठक गरिएको,
- स्वास्थ्य शाखाको नियमित कामकाज भैरहेको,

०८३/०२/१२

लोकेन्द्र बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

२.४. <u>कृषि शाखाबाट बैसाख महिनामा भएको कार्य सम्पादन विवरण:</u>

- सतुवा खेतीका लागि सिलबन्दि दरभाउपत्र पेश गर्ने सूचना प्रकाशन कार्यक्रमको मूल्याङकन तथा सम्झौता गरि कार्यक्रम संचालनमा रहेको,
- बाझो जग्गा सदुपयोगका लागि वडा नं.४ मा रहेको औद्योगिक ग्राममा आलु र राजमा खेती कार्यक्रम संचालनमा रहेको,
- वडा नं. २ र ५ को तरकारी खेतीका लागि पोलिहाउस निर्माण कार्यक्रमका लागि सूचना प्रकाशन गरिएको,
- वडा नं.४ को लागि थ्रेसर खरिद कार्यक्रम संचालनमा रहेको,
- हाईटेक नर्सरी स्थापनाका लागि वडा नं.३ र ४ का २ वटा कृषि समुह सँग सम्झौता गरि कार्यक्रम संचालनमा रहेको,
- कृषि शाखाबाट नियमित सेवा अन्तरगत ४ जना कृषकहरुलाई किटनासक जैविक विसादि वितरण गरिएको जस्मा वडा नं.४ का ३ जना र वडा नं. ३ का १ जना रहेका छन,
- राजमाको बीउ उपचारका लागि ढुसि जन्य विषादि १ जनालाई वितरण गरिएको ,
- कृषि शाखाबाट नियमित सेवा तथा परामर्श दिने कार्य भइरहेको,

२.५. <u>पशुपंक्षी इकाईबाट बैसाख महिनामा भएको कार्य सम्पादन विवरण:</u>

- पशु सेवा इकाई तथा वडा सेवा केन्द्रबाट नियमित सेवा परामर्श संचालन गर्ने कार्य गरिएको,
- पशु बिमामा सहजिकरण तथा सिफारिस गर्ने कार्य गरिएको,
- यस अपिहिमाल गाउँपालिका पशु सेवा शाखा अन्तरगत संघीय विशेष अनुदान मार्फत उन्नत जातको थुमा खरिदको लागि प्रस्तावना आह्वानको सूचना गरिएको,
- घुम्ती खोर गोठ र कृत्रिम गर्भाधान सामग्रीको भुक्तानी हुन बाँकी,
- पशु सेवा शाखाबाट नियमित सेवा तथा परामर्श दिने कार्य भइरहेको,

**चैत्र महिना भित्र तपसिलका कृषकलाई तपसिल बमोजिम सेवा परामर्श दिईएको ।**

| क्र.स | सेवा लिएका पशुको किसिम | उपचार सेवा | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | parasite | Mite | castration | anorexia | Anestrus | wound | Weakness | redurine | सेवाग्राही सं | |
| १ | गाई/गोरु | २४ | ० | ० | ३ | ० | ० | ० | ० | १२ | २७ गाई |
| २ | भैसी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | भेडा बाख्रा | १५६ | ० | ० | ४२ | ० | ० | ० | ० | २३ | १९८बाख्रा |
| ४ | घोडा खच्चर | ३५ | ० | ० | ८ | ० | ४ | ० | ० | ५ | ३९खच्चर |
| ५ | कुखुरा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ६ | अन्य | ० | | ० | ० | | | | ० | ० | |
| | जम्मा | २१५ | ० | ० | ४५ | ० | ४ | ० | ० | ४० | २६४ |

२.६. <u>योजना तथा अनुगमन र पूर्वाधार विकास शाखाको बैसाख महिनाको कार्य सम्पादन विवरण:</u>

- सबै वडाहरुका सामाजिक परिचालकहरुलाई गरीवी निकार कोषद्धारा प्रवर्द्धित सामुदायिक संस्थाहरुको परिचान तथा क्षमता विकास तालिम सम्पन्न गरिएको,
- गरीवी निकारण कोषद्धारा प्रवर्द्धित सामुदायिक संस्थाहरुको असुलीमा सहयोग हुने गरी महिला संजाल/आमा समुहलाई वित्तिय साक्षरता अभिमुखिकरण तालिम सम्पन्न गरिएको,
- वडा नं. १ देखि ५ सम्म संचालित योजनाहरुको नियमित सुपरभिजन गर्ने कार्य गरिएको,

०८३/०२/१२
लोकेन्द्र बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

- हाइ अल्टिच्युड साहसिक रंगसाला निर्माण, विद्यालय भवन निर्माण, बहुउद्देश्य कृषि भवन निर्माण, रेला गेट, दश शैया आधाभूत अस्पताल, छ विभिन्न ठाउँमा २ कोठे विद्यालय निर्माण योजनाहरु निर्माणाधीनमा रहेको,
- अपिहिमाल गाउँपालिका भित्र रहेका प्रदेश हस्तान्त्रित योजनाहरु निर्माणाधिनमा रहेकाछन,
- योजना तथा अनुगमन र पूर्वाधार विकास शाखाबाट नियमित कामकाज भैरहेको,

२.७. <u>भूमि इकाईको बैसाख महिनामा भएको कार्य सम्पादन विवरणः</u>

- गाउँपालिका भित्र रहेको भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुको  आधारमा नकारात्मक र सकारात्मक फाईलहरुको सूचि तयार गर्ने कार्य गरिएको,
- अपिहिमाल गाउँपालिका रहेको सम्तेली चौड हाई अल्टिच्युट एडभेन्चर पर्यटन क्रिकेट रंगशाला निर्माणको लागि अपिहिमाल गाउँपालिका खात्तीमा गइ जग्गा नापजाँच गर्ने कार्य गरिएको,
- वडा नं. २ बस्ने गौरी धामीको जग्गा नापजाँच गरी सिमाना छुट्याउने कार्य गरिएको,
- वडा नं.४ चौविसमा रहेको सामुदायिक भवन निर्माणका लागि फिल्डमा गई जग्गाको सिमाना छुट्याउने कार्य गरिएको,
- भूमि इकाईको नियमित कामकाज भैरहेको,

२.८. <u>महिला बालबालिका तथा समाज कल्याण इकाई शाखाबाट बैसाख महिनामा भएको कार्य प्रगति विवरणः</u>

- उपाध्यक्षसँग एकल महिला कार्यक्रमको भुक्तानी गरिएको,
- स्वास्थ्य बीमा बोर्ड जिल्ला सम्पर्क शाखा कार्यालयलाई क वर्गको अपाङ्गता भएको व्यक्तिहरुको विवरण पठाउने कार्य गरिएको,
- महिला बालबालिका तथा समाज कल्याण इकाईको नियमित कामकाज भैरहेको,

२.९. <u>सूचना प्रविधि शाखाबाट बैसाख महिनामा भएको कार्य सम्पादन विवरणः</u>

- सूचना प्रविधि पूर्वाधार तथा उर्जा उत्पादन आयोजनाको काम सम्पन्न भएको,
- विभिन्न सूचना तथा परिपत्रहरु इमेल मार्फत आदान प्रदान गर्ने कार्य गरिएको,
- सूचना प्रविधि पूर्वाधार तथा सौर्य उर्जा उत्पादन आयोजनाको बोलपत्र आव्हान भएको ,
- सूचना प्रविधि शाखाबाट गरिने नियमित कामकाज भैरहेको,

३.<u>आयुर्वेद शाखाबाट बैसाख महिनामा भएको कार्य सम्पादन विवरणः</u>

- कास (रुघाखोकी) रोगका १५ जना बिरामीहरुलाई कासनास सिपर उपलब्ध गराउने कार्य गरिएको,
- अम्लपित्त रोगका ५३ जना बिरामीहरुलाई अविपत्तिकर चुर्ण उपलब्ध गराउने कार्य गरिएको,
- वातव्याधी रोगका ३१ जना बिरामीहरुलाई परिवर्तन तेल उपलब्ध गराउने कार्य गरिएको,
- अर्श रोगका ४ जना बिरामीलाई अर्श कुठार रस, त्रिफला चूर्ण, जात्यादि तेल उपलब्ध गराउने कार्य गरिएको,
- ज्वर रोगका २ जना बिरामीलाई महासुदर्शन चुर्ण उपलब्ध गराउने कार्य गरिएको,
- अन्य २० जना सेवा ग्राहीलाई सेवा दिने कार्य गरिएको,
- आयुर्वेद शाखाको नियमित कामकाज भैरहेको,

लोकेन्द्र बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

३.१. जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना लक प्रोजेन्टबाट बैसाख महिनामा भएको कार्य सम्पादन विवरणः

- चौविसन पाइप सिचाइ योजना, चिल्डुडग्रा खानेपानी तथा सरसफाइ योजनाको पुर्वको गोष्ठि कार्य सम्पन्न गरिएको,
- लक परियोजना कर्मचारीहरुको परियोजना अभिमुखिकरण तालिम र वन जन्य उत्पादन आधारित उद्यम विकास तालिम सम्पन्न गरिएको,
- महादेव मा.वि. घुसाको प्रयोगात्मक शौचालय निर्माण र भवानी मा.वि. सौगन्नाको प्रयोगात्मक शौचालय निर्माणको सम्झौता गर्ने कार्य गरिएको,
- जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना लक प्रोजेक्टको दैनिक कामकाज भैरहेको,

३.२. उद्योग विकास शाखाबाट बैसाख महिनामा भएको कार्य सम्पादन विवरणः

- लक प्रयोजना बाट संचालित उद्यमशीलता विकास तालिममा सहजिकरण तथा प्रशिक्षण गर्ने कार्य गरिएको,
- उद्यमीहरुको व्यवसायिक योजना निर्माणगर्ने काम गरिएको,
- साना उद्यमीहरुको समूहमा लेखा व्यवस्थापन तालिम सम्पन्न गरिएको,
- उद्योग विकास इकाइको नियमित कामकाज भैरहेको,

३.४. पंजिकरण सेवा इकाईबाट बैसाख महिनामा भएको कार्य सम्पादन विवरणः

- मासिक रिपोर्ट विभागमा पठाउने कार्य गरिएको,
- सामाजिक सुरक्षा नाम दर्ता गराउने कार्य भएको जस अन्तरगत जेष्ठ नागरिक-०, दलित जेष्ठ नागरिक-० विधवा-०, अपाङ्ग-० र नयाँ नाम दर्ता र ३ जनाको लगत कट्टा गर्ने कार्य गरिएको,
- घटना दर्ता गर्ने कार्य गरियो (जन्म-१३, मृत्यु-६, विवाह दर्ता-८ जोडी र बसाई सराई जाने- ५जना आएको ४ जना सम्बन्ध विच्छेद-० रहेको,
- पंजिकरण सेवा इकाईबाट हुने नियमित कामकाज भईरहेको,

३.५. विपद् व्यवस्थापन शाखाबाट बैशाख महिनामा भएको कार्य सम्पादन विवरणः

- जिल्ला प्रशासन कार्यालय दार्चुलालाई माग गरिए बमोजिमको विपद सम्बन्धी विवरण पठाउने कार्य गरिएको,
- स्थानीय विपद व्यवस्थापन समितिको मासिक बैठक बसी ३ वटा निर्णय भएको,
- विभिन्न किसिमका विपदका घटनाबाट भएको क्षतिका फाइलहरु संकलन गरी स्थानीय विपद व्यवस्थापन समितिमा पेश गर्ने कार्य गरिएको,
- विपद सम्बन्धी अन्य तथ्याकं अध्यावधिक गर्ने कार्य गरिएको,
- विपद व्यवस्थापन शाखा सँग सम्बन्धित कार्यहरु नियमित रुपमा भैरहेको,

३.६.न्यायिक समितिको सचिवालयबाट बैसाख महिनामा भएको कार्य सम्पादन विवरणः

| उजूरी संख्या | उजूरी फछर्यौट संख्या | बाँकी उजूरी संख्या | न्यायिक समिति बैठक संख्या |
|---|---|---|---|
| १ | ० | २ साउन महिनाको | ० |

३.७. सूचना माग सम्बन्धी बैसाख महिनामा भएको कार्य संम्पादन विवरणः

| सूचना माग निवेदन संख्या | सूचना उपलब्ध गराएको संख्या | सूचना उपलब्ध गराउन बाँकी रहेको संख्या | कैफियत |
|---|---|---|---|
| ० | - | ० | |

०८३/०२/१२

लोकेन्द्र बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

३.८. राजस्व शाखाबाट बैसाख महिनामा भएको कार्य सम्पादनविवरण:

अपिहिमाल गाउँपालिका अन्तरगत राजश्व शाखाबाट तपसिल बमोजिमको शीर्षकमा राजश्व संकलन भएको ।

| राजश्व शिर्षकहरुः | संकलन रकम रु |
|---|---|
| सम्पत्ती कर | ० |
| मालपोत (भुमिकर) | ० |
| वहाल कर | १०१६९० |
| परिक्षा शुल्क | ० |
| अन्य कर | ४००० |
| अन्य प्रशासनिक सेवा शुल्क | ३७००० |
| सिफारिस दस्तुर | २५०० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ० |
| अन्य दस्तुर | १०३४० |
| जलस्रोत सम्बन्धी अन्य दस्तुर | ५०० |
| अन्य राजश्व | ० |
| पर्यटन शुल्क | ० |
| जम्माः | १५६५३०। |

वडा कार्यालयहरुलाई मासिक रुपमा राजस्व दाखिला गर्न अनुरोध गरिएको ।

३.९. रोजगार सेवा केन्द्र बाट बैसाख महिनामा भएको कार्य सम्पादन विवरण:

- बेरोजगार व्यक्तिहरुको विवरण भरि वडा बाट स्वीकृत गरि सेवा केन्द्रमा दर्ता गर्ने काम भैरहेको,
- थालन देखि भगलेसम्म घोरेटो बाटो निर्माण योजना, खण्डेश्वरी चौकी देखि चौतारा सम्म खडन्ची बाटो र खण्डेश्वरी मा.वि. घेर पर्खाल निर्माण योजना, पिरपिरे पानी देखि बरमडाँडा सम्म घो.बा. निर्माण, थेपले खोला पुल बाटो सहित ढलनिकास निर्माण, श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रमहरुको अनुगमन गर्ने कार्य गरिएको,
- आ.व. २०८१।०८२ को प्रदेश समिक्षाको रिपोटिङ गर्ने कार्य गरिएको,
- रोजगार सेवा केन्द्रको नियमित कामकाज भैरहेको,

४.जिन्सी इकाईको बैसाख महिनामा भएको कार्य सम्पादन विवरण:

- वडा नं. ०२ को कार्यालयको लागि सोलार सेट खरिदको लागि आवश्यक तयारी गरेको र खुल्लादरभाउपत्रको मुल्याकंन समापन गर्ने कार्य गरेको,
- आर्युर्वेद औषधालयको लागि आयूर्वेद औषधि खरिदको लागि लागत अनुमान तयार पारेर खरिद गर्ने कार्य गरेको,
- जिन्सी इकाईको नियमित कामकाज भैरहेको,

४.१. अपिहिमाल गाउँपालिका अन्तरगतका ६ वटै वडाहरुको बैसाख महिनामा भएको कार्य सम्पादन विवरण:-

४.२. सेवा प्रवाहको विवरण:

| सि.नं | महिना | चार किल्ला प्रमाणित | घरबाटो प्रमाणित | नाता प्रमाणित | आम्दानी प्रमाणित | जन्म प्रमाणित | विवाह प्रमाणित | पत्र चलानी | सेवा प्रासिको निवेदन दर्ता | अन्य सिफारिस | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | बैसाख | ३ | १ | ३७ | ४ | ५ | ० | ३७१ | ५८ | १३७ | |

०८२।०२।१२

लोकेन्द्र बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

४.३. घटना दर्ताको विवरणः

| सि.नं. | महिना | जन्म दर्ता | | मृत्यु दर्ता | | बसाइसराई दर्ता | | | विवाह दर्ता | सम्बन्धि विच्छेद दर्ता | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | बैसाख | पुरुष | महिला | पुरुष | महिला | दर्ता संख्या | बसाई सरी गएको | बसाई सरी आएको | | | |
| | | ११ | ६ | १ | ५ | ० | ० | १ | ८ | १ | |

४.४. नागरिता सिफारिसको विवरणः

| क.स. | नागरिता सिफारिस | | नागरिता प्रतिलिपि सिफारिस | | अंगिकृत नागरिता सिफारिस | | अन्य सिफारिस | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| बैसाख | ६ | १२ | २ | ७ | ० | ० | ० | ० | |

४.५. बैसाख महिनामा वडा अन्तरगत रहेका कृषि सेवा इकाइहरुबाट प्रवाह भएको कार्य सम्पादन विवरणः

| क.स. | विउबिजन/बिषादी वितरण(कृषक संख्या) | बालीनालीमा लाग्ने रोग सम्बन्धी परामर्श सेवा(कृषक संख्या) | स्थलगत परामर्श सेवा (कृषक समुह/ कृषक संख्या) | जम्मा सेवा प्रवाह | वितरण गरिएको बिउबिजन/बिषादी | कै. |
|---|---|---|---|---|---|---|
| १ | २६ | २९ | १० | ५१ | रायो,बन्दागोबी,मुला,धनीया कार्वेन्डाजिम,मालाथियम, र क्लोरोपाइरिफस | |

४.६. बैसाख महिनामा वडा अन्तरगत रहेका पशु सेवा इकाइहरुबाट प्रवाह भएको कार्य सम्पादन विवरणः

| क.स. | औषधी वितरण (कृषक संख्या) | पशुचौपायाहरुमा लाग्ने रोग सम्बन्धी परामर्श सेवा(कृषक संख्या) | स्थलगत परामर्श सेवा(कृषक संख्या) | उपचार गरिएका पशु/चौपायाहरुको संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | गाई/गोरु/भैसी/घोडा खच्चर | भेडा/बाखा | कुकुर | कुखुरा |
| १ | ४८ | ४६ | १० | २२ | १३५ | ४ | १ |

०७३/०२/१२

लोकेन्द्र बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

४.७. बैसाख महिनाको वडागत राजस्व सम्बन्धी विवरण:

| राजस्व शीर्षक | वडा नं.१ | वडा नं.२ | वडा नं.३ | वडा नं.४ | वडा नं.५ | वडा नं.६ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| सम्पतीकर | ७१० | ६७९६ | ० | २१३४० | २५०४ | १७१० | ३३०६० | |
| मालपोत (भुमीकर) | १५१० | १००६८ | १४० | ४२१३० | २५६० | १९७६ | ५८३८४ | |
| घर बहाल कर | ० | ० | ० | ७२०० | ० | ० | ७२०० | |
| प्रशासनिक सेवाशुल्क | ० | ११० | ० | ३००० | ० | ० | ३११० | |
| सिफारिस दस्तुर | ४२८० | ५८३० | ६८३० | ७९७० | ९१०० | ५७८० | ३९७९० | |
| घटना दर्ता | ० | ३४०० | ४०० | २४०० | १९०० | ८०० | ८९०० | |
| नाता प्रमाणित | ० | ५५० | ० | ५५० | ११० | ११० | १३२० | |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ० | | ० | | ० | ० | ० | |
| रेडियो एफ.एम.सञ्चालन | ० | ० | ० | ० | ० | ० | ० | |
| दण्ड जरिवाना वापत | ० | ० | ० | ० | ० | ० | ० | |
| धरौटी सदर | ० | ० | ० | ० | ० | ० | ० | |
| व्यवसाय कर | ० | २००० | ० | १४५०० | ० | ० | १६५०० | |
| अन्य दस्तुर (दर्ता इजाजतपत्र) | ० | ० | ० | ० | ० | ० | ० | |
| अन्य कर | १००० | २२० | | ३००० | | ० | ४२२० | |
| जम्मा | ७५०० | २८९७४ | ७३७० | १०२०९० | १६१७४ | १०३७६ | १७२४८४ | |

४.८. आर्थिक प्रशासन शाखाबाट बैसाख महिनामा भएको आय व्यय विवरण:

लोकेन्द्र बहादुर बिष्ट
मुख प्रशासकीय अधिकृत